**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः १५ अप्रेल २०२६**
समयः १८:५० - १९:०५ बजे *(अवधि १५ मिनट)*

**<u>प्रमुख समाचार</u>**

- भाजपाका बरिस्ठ नेता तथा गृहमन्त्री अमित शाहले पस्चिम बङ्गालमा सत्तामा आएपछि गोर्खाहरुको स्थायी समाधान गरिने बताउनुभयो I लेबुंगमा आयोजित भाजपाको रैलीमा खराब मौसमले गर्दा गृहमन्त्री श्री शाहले भर्चुवल सम्बोधित गर्नुभयो I

- मुख्यमन्त्री ममता ब्यनार्जीले आज सिलिगुडीमा बिशाल पदयात्रा गर्दै राज्यमा चौथो पल्ट टिएमसी सरकार बनिने बिश्वास व्यक्त गर्नुभयो I

- संसदको तीन दिने  बिशेष सत्र भोलि देखि शुरु हुनेछ I महिला आरक्षण बिधेयक माथी बिशेष चर्चा गरिने तथा पारित गरिनेछ I

- भारतीय निर्वाचन आयोगले पश्चिम बंगालमा  २३ अप्रेलमा हुने विधानसभा चुनावका लागि केन्द्रीय बल तैनाथ गर्ने विस्तृत योजना जारी  गरेको छ।

- उत्तर बंगाल लगायत पहाडमा चुनाउ प्रचार तिब्र भएको छ I

**<u>अमित शाह – दार्जिलिङ र्‍याली</u>**

भाजपाका वरिष्ठ नेता तथा केन्द्रीय गृहमन्त्री अमित शाहले पश्चिम बंगालमा भाजपाको सरकार गठन भएपछि गोर्खाहरूको समस्या चाँडै समाधान हुने बत ुनु भएकोछ। उहाँले आज मालदाबाट दार्जिलिङको लेबोङस्थित गोर्खा स्टेडियममा आयोजित पार्टीको चुनावी र्‍यालीलाई भर्चुअल रूपमा सम्बोधन गर्नु भयो। श्री शाहले व्यक्तिगत रूपमा उपस्थित भई र्‍यालीलाई सम्बोधन गर्ने कार्यक्रम थियो तर खराब मौसमका कारण उहाँको हेलिकप्टर अवतरण हुन सकेन। आफ्नो सम्बोधनमा उहाँले भन्नु भयो कि मुख्यमन्त्री ममता बनर्जीको नेतृत्वमा रहेको राज्यको तृणमूल सरकारले पहाडमा लोकतान्त्रिक आन्दोलनका क्रममा धेरै झूटा मुद्दाहरू हालेर देशभक्त गर्खाहरूको दमन गरेको छ अनि उनिहरूको मुद्दालाई दबाएको छ। उहाँले दार्जिलिङ पहाडका जनतालाई ५ मे २०२६ मा भाजपाले सरकार बनाउने निश्चित छ भनि आश्वस्थ पनि गराउनु भयो। उहाँले भन्नु भयो पश्चिम बंगालमा भाजपा शासन आउने बित्तिकै - गोर्खा नेताहरूमाथि लगाइएका झूठो अनि राजनीतिले प्रेरित सबै मुद्दाहरूलाई फिर्ता लिइनेछ।

खराब मौसमका कारण अनुपस्थित भएकोमा दुःख व्यक्त गर्दै उहाँले जनतालाई आश्वासन दिनु भयो कि अप्रिल २१ मा उहाँ सिलगढी आउँदैछन् र दार्जिलिङको फेदमा रहेको सुकानामा एक विशाल जनसभालाई सम्बोधन गर्ने कार्यक्रम छ। उक्त जनसभामा उहाँले गोर्खाहरूको समस्या र आकांक्षाहरू समाधान गर्न विस्तृत रूपमा रोडम्याप सार्वजनिक गर्नेछु भनि बताउनु भयो।

उहाँले थप भन्नु भयो कि दार्जिलिङ पहाडको स्थायी राजनीतिक समाधानका लागि पहिले बाट नै एक जना वार्ताकार नियुक्त गरिएको छ। पूर्व डीजीपी (बीएसएफ) अनि पूर्व उप-राष्ट्रिय सुरक्षा सल्लाहकार पंकज कुमार सिंहले यसका लागि धेरै सरोकारवालाहरूसँग कुराकानी गरिरहेका छन्। मुख्यमन्त्रीको आलोचना गर्दै श्री शाहले भन्नु भयो ममता ब्यानर्जीले अझै वार्ताकारलाई भेट्ने समय दिनु भएको छैन।

श्री शाहले भन्नु भयो, राज्यमा भाजपाको न्यालीहरूमा ठूलो संख्यामा मानिसहरू भाग लिइरहेका छन् जसले स्पष्ट रूपमा संकेत गर्दछ कि पश्चिम बंगालभरि भाजपाको पक्षमा र तृणमूल सरकारको भ्रष्ट, क्रूर, जंगलराजलाई परिवर्तन गर्ने लहर चलीरहेको छ। उहाँले पहाडका जनतासित पार्टी उम्मेदवारहरूलाई मतदान गर्न अपील गर्नु भयो। भाजपा दार्जिलिङ पहाडका तीनै सिट, दार्जिलिङ, खर्सांग र कालिम्पोङमा चुनाव लडिरहेको छ। क्षेत्रीय दलहरू गोर्खा जनमुक्ति मोर्चा, गोर्खा राष्ट्रिय मुक्ति मोर्चा र कम्युनिष्ट पार्टी क्रान्तिकारी मार्क्सवादीले भाजपालाई समर्थन गरिरहेका छन्। भाजपा दार्जिलिङका सांसद (लोकसभा) राजु विष्ट, भाजपा राज्यसभा सांसद तथा पूर्व विदेश सचिव हर्षवर्धन श्रृङ्ला, भाजपा युवा मोर्चा अध्यक्ष तथा लोकसभा सांसद तेजस्वी सूर्य, गोर्खा जनमुक्ति मोर्चाका अध्यक्ष बिमल गुरुङ, गोर्खा राष्ट्रीय मुक्ति मोर्चाका अध्यक्ष मान घिसिङलगायत अन्य कैन नेताहरूले न्यालीलाई सम्बोधित गरे।

**उत्तर बंगाल चुनावी प्रचार तीव्र बन्यो**

उत्तर बंगालमा चुनावी प्रचार झन् तीव्र हुँदै गइरहेको छ। चुनावी प्रचारका लागि अब केवल ६ दिन बाँकी रहँदा सबै प्रमुख दलका ठूल-ठूला नेताहरूले न्याली, रोड शो, जनसभा र घरदैलो अभियान गर्दै मतदाताको समर्थन जुटाउन कडा परिश्रम गरिरहेका छन्। आज तृणमूल सुप्रीमो तथा मुख्यमन्त्री ममता बनर्जीले सिलगढीमा विशाल रोड शो गर्नु भयो। समर्थकहरूको विशाल भेला बीच, उहाँले हिल कार्ट रोड, प्रधान नगरदेखि हाशमी चौकसम्म रोड शो गर्नु भयो। सिलगढी रोड शो पछि उहाँले जलपाईगुडी जिल्लाको मंगलबार बजारदेखि चाल्सासम्म अर्को रोड शो गर्नु भयो र साँझ त्यहाँ जनसभालाई सम्बोधित गर्नु भयो। यसअघि उहाँले पार्टी उम्मेदवारहरूको समर्थनमा उत्तर दिनाजपुरको इस्लामपुर कोर्ट मैदानमा एक विशाल जनसभालाई सम्बोधित गर्नु भएको थियो। उहाँले भाजपाले एसआईआरको नाममा लाखौं मानिसहरूलाई उनीहरूको मतदानको अधिकारबाट वञ्चित गरिरहेको आरोप लगाउनु भयो। भाजपामाथि तीखो प्रहार गर्दै उहाँले भन्नु भयो, पश्चिम बंगालका जनताले कहिल्यै बुलडोजर शासन स्वीकार गर्दैनन्। लगातार चौथो पल्ट पनि सत्तामा फर्किने विश्वास पनि व्यक्त गर्नु भयो। उहाँले भन्नु भयो उनको सरकारले उत्तर बंगालको विकासका लागि सबै प्रयास गरिरहेको छ।

अर्कोतर्फ, भाजपाका वरिष्ठ नेता तथा केन्द्रीय गृहमन्त्री अमित शाह पनि आज उत्तर बंगालमा चुनाव प्रचार गर्नु भयो। पार्टी उम्मेदवारहरूको पक्षमा चारवटा सार्वजनिक सभाहरूलाई सम्बोधन गर्नु भयो। दार्जिलिङको लेबोङमा पार्टीको जनसभालाई भर्चुअल रूपमा सम्बोधन गरे पछि। दिउँसो जलपाईगुडी जिल्लाको राजगंज, त्यसपछि अलिपुरद्वार जिल्लाको फालाकाटामा र साँझ कुचबिहार जिल्लाको तुफानगंजमा एक ठूलो न्यालीलाई सम्बोधन गर्नु भयो। जनसभालाई सम्बोधन गर्दै उहाँले उत्तर बंगालको विकास सम्बन्धी पार्टीको घोषणापत्रको सम्झना गराउनु भयो। उहाँले भन्नु भयो भाजपा सत्तामा आए पछि ५०० बेड भएको एउटा समर्पित क्यान्सर अस्पताल, एम्स, आईआईएम, आईआईटी, खेलकुद विश्वविद्यालय र आदिवासी विश्वविद्यालय स्थापना गरिनेछ साथै चिया, यातायात र पर्यटन उद्योग र रोजगार सृजनामा धेरै ध्यान दिइनेछ। उहाँले आरोप लगउँदै भन्नु भयो – तृणमूल कांग्रेसको सरकारले उत्तर बंगाललाई पूर्ण रूपमा उपेक्षित र विकासबाट वञ्चित गरेको छ।

हिजो भारतीय राष्ट्रिय कांग्रेस नेता राहुल गान्धीले मालदामा सार्वजनिक सभालाई सम्बोधन गरेका थिए।

उत्तर बंगालका ८ जिल्लामा ५४ सिट छन्। यी सिटहरूमा पहिलो चरणमा अप्रिल २३ मा चुनाव हुनेछ। चुनाव प्रचारको अन्तिम मिति अप्रिल २१ हो। पहिलो चरणमा कुल १५२ सिटमा चुनाव हुनेछ र बाँकी १४२ सिटमा अप्रिल २९ मा मतदान हुनेछ, मतगणना मे ४ मा हुनेछ।

**संसद विशेष सत्र**

संसदको तीन दिने विशेष सत्र भोली देखि शुरु हुन्दै छ। यस सत्रमा महिला आरक्षण विधेयक बारे छलफल गरिनेछ, तथा पारित गरिनेछ। यस विधेयकको नाम 'नारी वन्दन अधिनियम' रहेको छ। यसले आउँदै २०२९ को लोकसभा चुनावमा महिलाहरूलाई ३३% आरक्षण दिने मार्ग प्रसस्त हुने छ। केन्द्रको श्री मोदी सरकारले लोकसभाको वर्तमान ५४३ सीटलाई बढाएर ८५० सम्म गरिने प्रावधान गरेको छ। यसरी देशको जनप्रतिनिधि संख्या पनि बढ्ने छ अनि नीति निर्धारणमा महिलाहरूले महत्त्वपूर्ण भूमिका खेल्न पाउने छ। भाजपाले आफ्नो सबै सांसदहरू लाई व्हीप जारी गरि सदनमा उपस्थित रहन भनेको छ भने यस विधेयकलाई सर्वसम्मतीले पारित गराउने प्रयास केन्द्र सरकारले गरि रहेको छ।

**केंद्रीय गृह मंत्री - दार्जिलिंग -आश्वासन**

भारतीय जनता पार्टीका बरिस्ठ  नेता तथा केन्द्रीय गृहमन्त्री अमित शाहले पश्चिम बंगालमा भाजपाको सरकार बनेपछि दार्जीलिंग पहाड अनि गोर्खा समस्याको समाधान हुने बताउनु भएको छ । उहाँले आज भर्चुअल माध्यमबाट दार्जीलिङमा आयोजित एक जनसभालाई सम्बोधन गर्दै हुनुहुन्थ्यो। खराब मौसमका कारण श्री शाह व्यक्तिगत रूपमा कार्यक्रममा उपस्थित हुन सकेनन्। गृहमन्त्री श्री शाहले  - ममता बनर्जीको नेतृत्वमा रहेको तृणमूल कांग्रेस सरकारले पहाडी क्षेत्रमा लोकतान्त्रिक आन्दोलनको क्रममा धेरै झूटो  मुद्दाहरु  दर्ता गरेर देशभक्त गोर्खाहरूको मुद्दालाई दबाएको बताउनु भयो। श्री शाहले भन्नुभयो - 'यदि भाजपाले राज्यमा सरकार बनाउँछ भने घुसपैठ रोकिनेछ, सिन्डिकेट व्यवस्था अन्त्य हुनेछ र गुण्डाराज को  अन्त्य हुनेछ। उहाले  २१ अप्रेलमा चुनाव प्रचार गर्न सिलिगुडीको सुकुना आउने घोषणा पनि गर्नुभयो।

Byte

## पश्चिम बंगाल - केंद्रीय बलको  तैनाती - विस्तृत योजना

भारतीय निर्वाचन आयोगले पश्चिम बंगालमा  २३ अप्रेलमा हुने विधानसभा चुनावका लागि केन्द्रीय बल तैनाथ गर्ने विस्तृत योजना जारी  गरेको छ। आयोगका अनुसार निष्पक्ष र शान्तिपूर्ण मतदान सुनिश्चित गर्न पहिलो चरणमा केन्द्रीय सशस्त्र बलका कुल २ हजार ४ सय ७ कम्पनीहरू तैनाथ  गरिनेछ। पहिलो चरणमा उत्तर बङ्गालका दार्जिलिङ, कालेबुंग , जलपाईगुडी, अलीपुरद्वार, कुचबिहार, उत्तर दिनाजपुर, दक्षिण दिनाजपुर र मालदासहित सबै जिल्लाहरुमा मतदान हुँदैछ। झारग्राम, पुरुलिया र बांकुरा, जंगलमहल क्षेत्रको बीरभूम, मुर्शिदाबाद, पूर्व र पश्चिम मेदिनीपुर र पश्चिम बर्धमानमा पनि सोही चरणमा मतदान हुनेछ।आयोगको आकड़ा अनुसार, सर्वाधिक  केन्द्रीय बल मुर्शिदाबाद जिल्लामा तैनाथ गरिएको छ। यो जिल्ला मुर्सिदाबाद र जङ्गीपुर गरी दुई पुलिस  जिल्लामा विभाजित छ। यहाँ कुल ३१६ कम्पनीहरू तैनाथ हुनेछन्, जसमध्ये २४० कम्पनी मुर्सिदाबाद पुलिस जिल्लामा र ७६ कम्पनी जंगीपुरमा रहनेछन्। मुर्शिदाबादपछि पूर्व मेदिनीपुरमा २७३ कम्पनी तैनाथ गरिंदैछ । जिल्लामा नन्दीग्राम विधानसभा सीट पनि समावेश छ, जहाँ भाजपाका उम्मेदवार एव  विधानसभामा विपक्षी दलका नेता शुभेन्दु अधिकारीले तृणमूल कांग्रेसका पवित्रा करसँग प्रतिस्पर्धा गर्नेछन्। पश्चिम मेदिनीपुरमा केन्द्रीय बलका २७१ कम्पनी तैनाथ गर्ने योजना छ। यसबाहेक बाँकुरामा १९३, बीरभूममा १७६, मालदामा १७२, पुरुलियामा १५१ र कूचबिहारमा १४६ कम्पनी तैनाथ हुनेछन्। दक्षिण दिनाजपुरमा ८३, झारग्राममा ७४, दार्जिलिङमा ६१, कालेबुंगमा २१, जलपाइगुडीमा ९२ र अलिपुरद्वारमा ७७ वटा कम्पनी तैनाथ हुनेछन्। उत्तरी दिनाजपुर जिल्लालाई इस्लामपुर र रायगञ्ज जिल्लामा विभाजन गरिएको छ। यहाँ क्रमशः ६१ र ७१ कम्पनी रहनेछन्, अर्थात कुल १३२ कम्पनीहरू यस जिल्लामा रहनेछन्। यस्तै, सिलिगुडी र आसनसोल–दुर्गापुर पुलिस कमिश्नरेट क्षेत्रमा क्रमशः ४४ कम्पनी र १२५ कम्पनी केन्द्रीय बल तैनाथ गरिनेछ। चुनाउ आयोगले पहिलो चरणको मतदान भन्दा पहिले अर्थात् सोमबारसम्म सबै केन्द्रीय बलहरूको तैनाथी पूरा गर्न निर्देश दिएको छ।

## पश्चिम बंगाल - विधानसभा चुनाव - प्रधानमंत्री जनसभा

प्रधानमन्त्री नरेन्द्र मोदी अनि भाजपाका वरिष्ठ नेताहरूले पश्चिम बंगाल विधानसभा चुनावलाई ध्यानमा राख्दै पश्चिम मेदिनीपुर र झारग्राम जिल्लामा पार्टीका उम्मेदवारहरूको समर्थनमा चुनावी जनसभा गर्ने सम्भावना छ। पार्टी सुत्र अनुसार, आगामी १९ अप्रेलमा पश्चिम मेदिनीपुरको बेल्दा र झारग्राम जिल्लाको झारग्राममा प्रधानमन्त्री नरेन्द्र मोदीको जनसभा हुने तय भएको छ।उत्तर प्रदेशका सहकारिता मन्त्री तथा चुनाउ  प्रमुख जयेन्द्रप्रतापसिंह राठौरसँग 'हिन्दुस्तान समाचार'मा कुराकानी भएको छ। प्रधानमन्त्री श्री मोदीको प्रस्तावित बैठकको तयारी तीब्र गतिमा भइरहेको उहाले बताउनु भएको छ । यसअघि उहाले पश्चिम मेदिनीपुर स्थित बेल्दा रंगशालाको पनि निरीक्षण गर्नुभयो । चुनाव प्रभारी श्री राठौरले पश्चिम बंगालका जनताले  परिवर्तन चाहेको बताउनु भयो । उहाले भन्नुभयो -प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा देश द्रुत गतिमा अघि बढिरहेको छ र बंगालका जनता पनि विकासको यो धारामा सामेल हुन चाहन्छन्। झारग्राममा प्रधानमन्त्री श्री नरेन्द्र मोदीले चार विधानसभा निर्वाचन क्षेत्र झारग्राम, गोपीबल्लभपुर, बिनपुर र नयाग्रामका पार्टी उम्मेदवारहरूको समर्थनमा एक रैलीलाई सम्बोधन गर्ने सम्भावना छ।

**पश्चिम बंगाल -विधानसभा चुनाव - निर्देश**

पश्चिम बंगालमा विधानसभा चुनाव अघि चुनाउ आयोगले कठोर अडान लिएको छ र जिल्ला प्रशासन र पुलिसलाई संवेदनशील क्षेत्रको निरीक्षण गर्न निर्देश दिएको छ। आयोगले सबै जिल्ला अधिकारी , पुलिस आयुक्त र पुलिस अधीक्षकहरूलाई हिंसा सम्भावित क्षेत्रहरूको भ्रमण गर्न र १६अप्रेल साँझ ५ बजेसम्म विस्तृत रिपोर्ट पेश गर्न भनेको छ। आयोगको निर्देश अनुसार, अधिकारीहरूले विशेष रूपमा ती क्षेत्र र बुथहरूको निरीक्षण गर्नुपर्नेछ जहाँ बर्ष २०२१ को विधानसभा चुनाव, बर्ष २०२३ को पञ्चायत चुनाव र बर्ष २०२४ को लोकसभा चुनावमा हिंसाका घटनाहरू रिपोर्ट भएका थिए। यसले मतदान अघि, समयमा र पछि भएका घटनाहरू भएका क्षेत्रहरू पनि समेट्छ। प्रत्येक मतदान केन्द्रमा कुनै पनि आपतकालिन अवस्थामा तत्काल सम्पर्क स्थापित हुने गरी मोबाइल, स्याटेलाइट र ताररहित सञ्चारको व्यवस्था मिलाउन पनि आयोगले निर्देश दिएको छ । जिल्ला अधिकारी र पुलिस अधिकारीहरूले संयुक्त रूपमा यी क्षेत्रहरूको भ्रमण गर्नेछन् र चुनाव अघि सञ्चार प्रणाली पूरा गर्नेछन्। आयोगले मतदान कर्मचारीका लागि निर्देशिका दोहोर्याएको छ र निष्पक्षतामा जोड दिएको छ । कुनै पनि कर्मचारीले कुनै पनि राजनीतिक प्रभाव, उपहार वा लाभ लिन नहुने स्पष्ट उल्लेख छ । मतदानअघि मक पोल अनिवार्य गरिएको छ भने ईभीएम र भीभीप्याट मेसिनको जाँच पनि आवश्यक पर्नेछ । मतदानको क्रममा कुनै अनियमितता भएमा तुरुन्त आयोगको एप वा मुख्य निर्वाचन अधिकारीको कार्यालयमा जानकारी गराइनेछ । यसैबीच, कोलकाता पुलिसले पनि सबै पुलिस स्टेशनहरूलाई तत्काल वारन्ट जारी गर्न निर्देश दिएको छ। पुलिसलाई तत्काल वारन्टसहित पक्राउ गर्न वा कारवाहीको बारेमा लालबजारस्थित मुख्यालयलाई जानकारी गराउन भनिएको छ । यो निर्देश जमानती र गैरजमानती वारेन्ट दुवैमा लागू हुनेछ । पश्चिम बंगालमा दुई चरणमा विधानसभा चुनाव हुँदैछ । पहिलो चरणमा अप्रिल २३ र दोस्रो चरणमा २९ अप्रिलमा मतदान हुनेछ भने ४ मईमा मतगणना हुनेछ ।

**पश्चिम बंगाल -राज्यपाल - शुभकामना**

पश्चिम बंगालका राज्यपाल आरएन रविले बङ्गाली नयाँ वर्षको अवसरमा राज्यका वासीहरूलाई शुभकामना दिनुभएको छ। पोइला बोइशाखको पावन अवसरमा शुभकामना सन्देश दिनुहुदै उहाँले सम्पूर्ण राज्यवासीमा सुख, शान्ति र सुस्वास्थ्यको कामना गर्नुभएको छ ।बंगाली नयाँ वर्ष पोइला बोइशाखको अवसरमा राज्यपालले आफ्नी पत्नीका साथ परम्परागत बंगाली पोशाक धोती र कुर्ता पहिरिएर कालेकाताको कालीघाटमा रहेको प्रसिद्ध काली मन्दिरको भ्रमण गर्दै प्रार्थना गर्नुभयो । राज्यपालले भन्नुभयो - यो जीवन्त पर्व बंगालको समृद्ध सांस्कृतिक विरासत, गहिरो परम्परा र अदम्य भावनाको प्रतीक हो। उहाले नयाँ वर्षले हरेक परिवारको जीवनमा सुख र समृद्धि ल्याउने विश्वास व्यक्त गर्नुहुदै आफ्नो सन्देशमा वीर सहिद र स्वतन्त्रता सेनानीहरूको सपनाको 'सोनार बांग्ला' बनाउन एकजुट हुन र संकल्प गर्न आह्वान गर्नुभयो ।

**पश्चिम बंगाल विधानसभा चुनाव - केंद्रीय वित्त मंत्री**

पश्चिम बङ्गाल विधानसभा चुनाव २०२६ लाई लिएर राजनीतिक बयानबाजी तीव्र भएको छ। केन्द्रीय वित्त मन्त्री निर्मला सीतारमणले पूर्व बर्धमानबाट दाबी गर्दै भन्नुभयो - 'राज्यका जनता अब परिवर्तन चाहन्छन् र यसका लागि आतुर छन्। आज चुनावी भ्रमणका लागि बर्दवान पुगेकी केन्द्रीय मंत्री निर्मला सीतारमणले भन्नुभयो - मानिसहरू परिवर्तनका लागि धेरै उत्सुक छन् । बर्ष २०१६ मा आफु यहा प्रचारका लागि आएको बताउनुहुदै तर यसपालिको माहौल फरक रहेको बताउनु भयो उहाले भन्नुभयो -अहिले जनताले खुलेर आफ्ना समस्या व्यक्त गरिरहेका छन् र सुशासनको माग गरिरहेका छन् । उहाले राज्यका लगभग ३ लाख ७९ हजार चिया श्रमिकहरु सरकारी सुविधाबाट वञ्चित रहेको आरोप लगाउनु हुदै तृणमूल कांग्रेसको तिव्र आलोचना गर्नुभयो

पहाड चुनाउ

उत्तर बंगाल लगायत पहाडमा चुनाउ प्रचार तिब्र भएको छ ।दार्जीलिंग ,खर्सांग कालेबुंग बिधान सभा क्षेत्रमा भारतीय जनता पार्टी ,भारतीय गोर्खा  प्रजातान्त्रिक मोर्चा , इन्डियन गोर्खा जनशक्ति फ्रन्ट लगायत बिभिन्न राजनैतिक दलहरुले आ आफ्ना उम्मेदवारहरुको पक्षमा चुनावी सभा तथा प्रचार प्रसार अभियान तिब्र पारेको छ । जसको कारण दार्जीलिंग खर्सांग कालेबुंग लगायत सिलिगुडी मधेश क्षेत्रमा चुनावी माहौल तातिएर गरेको छ ।

***********